नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ -१०
चलानी नं. : २५०

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

आज मिति २०७३ पौष ७ गते यस सिडिएस एण्ड क्लियरिङ्ग लि. ले धितोपत्र केन्द्रीय निक्षेप सेवा सुरुवात गरेको छैठौ वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको छ ।

धितोपत्र केन्द्रीय निक्षेप प्रणाली आधुनिक धितोपत्र बजारको अतिआवश्यक पूर्वधार हो । सिडिएससिले भौतिक धितोपत्रलाई विद्युतीय रुपमा परिवर्तन गरी सुरक्षित, सहज तथा विश्वसनीय तवरले निक्षेप गरी दोस्रो बजारमा भएको कारोबारको राफसाफ समेत गर्दछ । यस लि. को मुख्य कार्य भनेकै धितोपत्रको केन्द्रीय निक्षेप तथा विद्युतीय राफसाफ तथा फछ्र्यौट गर्नु हो । यस लि. ले Post Trading को कार्य गर्ने भएकोले यस लि. धितोपत्र कारोबार तथा फछ्र्यौटको अनुशासन निश्चित गर्ने प्रमुख तत्व समेत हो । यस लि. ले मिति २०६९ श्रावण १ गतेदेखि धितोपत्रको केन्द्रीय निक्षेप सेवा सुरुवात गरी मिति २०७१ बैशाख २ गतेका दिन नेपालमा पहिलो पटक अभौतिक धितोपत्रको कारोबारको सुरुवात गरेको थियो ।

मिति २०७२ माघ १ गतेदेखि नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत सम्पूर्ण कम्पनीहरुको कारोबार अभौतिक रुपमा भइरहेको व्यहोरा सर्वविदितै छ । मर्जरलाई समायोजन गर्दा हाल यस लि. मा कूल २१३ वटा कम्पनीहरु दर्ता भएका छन् । गत आ.व. २०७२।७३ मा मात्र जम्मा ९२ वटा कम्पनीहरु दर्ता भएका छन् । त्यसैगरी यस लि. ले कूल ६० वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरेका छन् । गत आ.व. २०७२।७३ मा जम्मा १३ वटा कम्पनीहरु निक्षेप सदस्यको रुपमा थप भएका हुन् । यस लि. को सेवा देशभरी विस्तार गर्ने सन्दर्भमा ६० वटा जिल्लाहरुमा निक्षेप सदस्यको संजाल विस्तार भइसकेको छ र सेवाग्राहीले उक्त सबै जिल्लाहरुबाट निक्षेप सेवा लिन सक्ने छ । त्यसैगरी यस लि. को अन्य प्रगति विवरणहरु देहाय बमोजिम रहेको छ :

### कम्पनीको हालसम्मका प्रगति विवरणहरु

| क्र.सं. | विवरण | संख्या | | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| | | २०७२ पौष ७ | २०७३ पौष ७ | |
| १ | हितग्राहीद्धारा खोलिएका डिम्याट् खाता | १३३,७२५ | ५०६,९९३ | २७९.१३% |
| २ | हितग्राहीद्धारा अभौतिकीकरण गरिएका धितोपत्र | ३३७,५२५,४५१ | १,००१,८४५,८१४ | १९६.८२ % |
| ३ | कारोबारको फछ्र्यौट संख्या | १४३,१२५ | १,०९६,९९२ | ६६६.४६% |
| ४ | कारोबारको फछ्र्यौट रकम | ३३,८४४,१८९,२४२.६२ | २२७,१८६,३६०,००३.३३ | ५७१.२७% |

यस लि. ले सार्वजनिक प्राथमिक निष्काशनमा सहजता ल्याउन नयाँ सफ्ट्वेयरको निमार्ण गरेको छ । उक्त सफ्टवेयरले आवेदकहरुको सम्पूर्ण विवरणहरु सहज रुपमा रुजु गरी छोटो समयमा नै शेयर बाँडफाँड गरिरहेको छ । त्यसैगरी निष्काशनकर्ताहरुले जारी गर्ने संस्थापक लाभ जस्तै:बोनस शेयर, हकप्रद शेयर सोझै लगानीकर्ताहरुको खातामा जम्मा गर्दै आएको छ जसले गर्दा लगानीकर्ताहरु समयमा नै बजारबाट लाभान्वित हुने गर्दछ । विगतका दिनहरुमा लगानीकर्ताहरुले आफूले कारोबार गरेको रकम प्राप्त गर्न धेरै समय कुर्नपर्ने अवस्था थियो भने हाल सिडिएससिको संचालनपछि फछ्र्यौट समय T+3 मा राफसाफ

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ -९७
चलानी नं. : २५०

CDS and Clearing Ltd.

सदस्यहरुको बैंक खातामा रकमान्तर गरिन्छ र राफसाफ सदस्यले सोही दिन नै लगानीकर्ताहरुलाई रकम दिदैं आएको छ । सार्वजनिक निष्कासन भएको धितोपत्रको खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी, छिटो छरितो तथा मितव्ययी बनाउन नेपाल धितोपत्र बोर्डले जारी गरेको नयाँ सेवा Application Supported by Blocked Amount (ASBA) मा समेत यस लि. लाई दिइएको महत्वपूर्ण भूमिका निर्वाह गर्न सम्पूर्ण system तयार भइसकेको छ ।

यस लि. ले अन्तर्राष्ट्रिय सम्बन्ध समेत विस्तार गर्न सेकेकोमा गर्वान्वित छ । यस लि. ले सन् २०१६ जून १ मा Association of National Numbering Agencies (ANNA) को सदस्यता प्राप्त गरेको छ । हाल रकमको राफसाफ एकमात्र राफसाफ बैंक मार्फत् गर्दै आइरहेको सन्दर्भमा यस लि. ले एक भन्दा बढी राफसाफ बैंक मार्फत् राफसाफ तथा फछ्र्यौट गर्ने व्यवस्था अवलम्बन गर्न Net Settlement सहित Multiple राफसाफ तथा फछ्र्यौट बैंक थप्न प्रणालीमा आवश्यक सुधार गरेको छ । यस लि. बाट उक्त प्रणालीको परीक्षण कार्य सम्पन्न भई अब बैंक छनौट प्रकृयालाई अगाडि बढाईनेछ । धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १४(४) बमोजिम नेटिङ्ग प्रणालीको आधारमा राफसाफ तथा फछ्र्यौट प्रणाली लागू गर्न सकिनेछ भन्ने व्यवस्था रहेको र Basic Requirement Specifications मा पनि सो व्यवस्था अवलम्बन गर्ने अनुरुप Net Settlement सहितको Clearing Bank थप्ने व्यवस्था यस लि. ले मिलाएको छ । उक्त प्रणालीको परीक्षण सम्पन्न भइसकेको छ जस अन्तर्गत राफसाफ सदस्यले दिनभरी गरेको कारोबारमा खरिद गरेबापत् बुझाउनु पर्ने रकम र बिक्री गरेबापत् पाउनु पर्ने रकममा Net Settlement गरिनेछ अर्थात् राफसाफ सदस्यले गरेको कारोबारमा प्राप्त हुने रकम र बुझाउनु पर्ने रकममा नेट गणना गरिनेछ । तसर्थ राफसाफ सदस्यले कुनै एकदिन कारोबारमा या त रकम प्राप्त गर्नेछ या त बुझाउने छ । उक्त Net Settlement को आधारमा धितोपत्र कारोबारको राफसाफ छिट्टै शुरु गरिनेछ । यस लि. को यस पहलबाट पूँजीबजारसंग सम्बन्धित पक्षहरुले थप सुधार तथा विकास महसुस गर्नेछन् भन्ने विश्वास यस लि. को रहेको छ । साथै पूँजी बजारको थप विकासमा नयाँ प्रविधि तथा सेवा दिन सदा तत्पर रहनेमा यस लि. ले प्रतिबद्धता व्यक्त गर्दछ । कम मानवस्रोतबाट पनि यस लि. ले सम्बन्धित पक्षहरुलाई सन्तुष्ट सेवा प्रदान गर्न सकेकोमा खुशी प्रकट गर्दछ ।

आजको यस शुभ अवसरमा यस लि. लाई सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला निकाय तथा संघ संस्थाहरु प्रति आभार प्रकट गर्दै भविष्यमा पनि सहयोगको अपेक्षा राख्दै लगानीकर्ताहरुलाई आफ्ना धितोपत्र अभौतिकीकरण गराई सहज, सुरक्षित र भरपर्दो सेवा प्राप्त गर्नहुन आव्हान गर्दछौं । साथै निष्काशनकर्ताहरुले आफ्ना शेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश तथा सार्वजनिक निष्काशनमा फिर्ता हुने रकम (Refund) लगानीकर्ताहरुको बैंक खातामा सोझै जम्मा गर्ने व्यवस्थाका लागि लगानीकर्ताहरुले आफ्नो निक्षेप सदस्यमा गई अनिवार्य आफ्नो बैंक खाता यथासक्य अद्यावधिक गर्नुहुन जानकारी गराईन्छ । नयाँ डिम्याट् खाता खोल्ने हितग्राहीले पनि खाता खोल्ने फारममा अनिवार्य आफ्नो बैंक खाता उल्लेख गर्नुहुन समेत अनुरोध छ । साथै डिम्याट् खाता तथा बैंक खाता खोल्दा उल्लेख गरिएका सम्पूर्ण विवरण (जस्तै : थर, तीन पुस्ते, इत्यादि) एउटै हुनुपर्ने व्यहोरा सम्पूर्ण लगानीकर्ताहरुको ध्यानाकर्षण गरिन्छ ।

मिति : २०७३/०९/०७

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com